**आकाशवाणी समाचार**

**10th of September 2026 (Thursday)**

**मुख्य समाचार**

- **राष्ट्रपति  द्रौपदी मुर्मुद्वारा आगा खान विकास सञ्जालको कार्यको प्रशंसा।।**
- **उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा प्रिन्स रहिम आगा खानसँग भेटवार्ता ।।**
- **प्रधानमन्त्री मोदीद्वारा सुरक्षित र दिगो अन्तरिक्ष क्षेत्रको पक्षमा जोड ।।**
- **कृषिमन्त्री शिवराज सिंह चौहानद्वारा तीन देशका कृषि मन्त्रीहरूसँग भेटवार्ता।।**
- **विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासमा 'सम्पूर्ण सरकार' र 'सम्पूर्ण समाज'को दृष्टिकोणमा जोड ।।**

**राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा समाजसेवी प्रिन्स रहिम आगा खान पाँचौँसँग भेटवार्ता गर्नुभएको छ। भेटका क्रममा राष्ट्रपतिले आगा खान विकास सञ्जालले गर्दै आएको सामाजिक कार्यको प्रशंसा गर्नुभयो। उहाँले सरकारसँगको सहकार्यमा गैरनाफामूलक संस्थाहरूले जनताको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने बताउनुभयो।

**प्रिन्स रहिम आगा खान**

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज उपराष्ट्रपति भवनमा समाजसेवी प्रिन्स रहिम आगा खान पाँचौँसँग भेटवार्ता गर्नुभएको छ। भेटका क्रममा आगा खान विकास सञ्जालले पानी तथा सरसफाइ, महिला नेतृत्वमा रहेका स्वसहायता समूह, शिक्षा र सामुदायिक विकासका क्षेत्रमा पुऱ्याएको योगदानबारे छलफल भएको छ। उहाँहरूले भारत र आगा खान विकास सञ्जालबीच खेलकुद र शिक्षालगायतका क्षेत्रमा सहकार्य थप मजबुत बनाउने विषयमा पनि छलफल गर्नुभयो। दुवै नेताले कट्टरपन्थ अन्त्य गर्नुपर्नेमा जोड दिँदै शान्ति, स्थिरता र साझा समृद्धिका लागि संवाद नै प्रमुख माध्यम भएको बताउनुभयो। यसैबीच, प्रधानमन्त्री नरेन्द्र मोदीले पनि आज नयाँ दिल्लीमा प्रिन्स रहिम आगा खान पाँचौँसँग भेटवार्ता गर्नुभएको छ। भेटमा स्वास्थ्य, कृषि, ग्रामीण विकास तथा युवा र महिला सशक्तीकरणका क्षेत्रमा भारत र आगा खान विकास सञ्जालबीच सहकार्य थप विस्तार गर्ने विषयमा छलफल भएको प्रधानमन्त्रीले बताउनुभएको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतले अन्तर्राष्ट्रिय कानुन, संवाद र बहुपक्षीय सहकार्यमा आधारित सुरक्षित, शान्तिपूर्ण र दिगो अन्तरिक्ष क्षेत्रको समर्थन गर्ने बताउनुभएको छ। फ्रान्समा आयोजित अन्तर्राष्ट्रिय अन्तरिक्ष सम्मेलनलाई आज भर्चुअल माध्यमबाट सम्बोधन गर्दै उहाँले भारतको अन्तरिक्ष दृष्टिकोण 'वसुधैव कुटुम्बकम्' अर्थात् 'एक पृथ्वी, एक परिवार, एक भविष्य' को भावनामा आधारित रहेको बताउनुभयो। प्रधानमन्त्रीले वैज्ञानिक तथ्यांक खुलापन र इमानदारीका साथ साझा उद्देश्यका लागि प्रयोग हुनुपर्नेमा जोड दिनुभयो। उहाँले कम लागतमा सफल अन्तरिक्ष अभियान सञ्चालन गर्दै भारतीय अन्तरिक्ष अनुसन्धान संगठन इसरोले विश्वव्यापी प्रशंसा पाएको बताउनुभयो।

उहाँले इसरोका प्रविधिले किसान, माछा मार्ने समुदाय, मौसम पूर्वानुमान, विपद् व्यवस्थापन र नौवहन क्षेत्रमा सहयोग पुऱ्याइरहेको उल्लेख गर्नुभयो। भारतका रकेटमार्फत ३४ देशका ४ सयभन्दा बढी उपग्रह अन्तरिक्षमा पठाइसकिएको जानकारी दिँदै उहाँले भारतीय वैज्ञानिक, इन्जिनियर र प्राविधिकहरूको योगदानले अन्तरिक्ष क्षेत्रमा भारतप्रति विश्वव्यापी विश्वास बढाएको बताउनुभयो।

**मन्त्री शिवराज सिंह चौहान**

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले मलेसिया, टिमोर लेस्ते र म्यानमारका कृषि मन्त्रीहरूसँग द्विपक्षीय भेटवार्ता गर्नुभएको छ। नयाँ दिल्लीमा सम्पन्न नवौँ आसियान–भारत कृषि तथा वन मन्त्रीस्तरीय बैठकका क्रममा भएको भेटमा कृषि अनुसन्धान, प्रविधि, नवप्रवर्तन, खाद्य सुरक्षा र व्यापारमा सहकार्य बढाउने विषयमा छलफल भएको छ। दुवै पक्षले कृषि क्षेत्रमा ज्ञान, विशेषज्ञता र अनुभव आदानप्रदान गर्दै द्विपक्षीय सहकार्य थप मजबुत बनाउनेमा जोड दिएका छन्।

**मन्त्री डा. जितेन्द्र सिंहले**

विज्ञान तथा प्रविधि मन्त्री डा. जितेन्द्र सिंहले विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासलाई तीव्र बनाउन सरकारले 'सम्पूर्ण सरकार' र 'सम्पूर्ण समाज'को दृष्टिकोण अपनाएको बताउनुभएको छ। उहाँले आज नयाँ दिल्लीमा इमर्जिङ साइन्स, टेक्नोलोजी एन्ड इनोभेसन कन्क्लेभ–ESTIC २०२६ को प्रारम्भिक कार्यक्रम सार्वजनिक गर्नुभयो। उहाँले ESTIC ले स्टार्टअप, वैज्ञानिक, उद्योग, उद्यमी र नीति निर्मातालाई एउटै मञ्चमा ल्याउने बताउनुभयो। विज्ञानलाई वैज्ञानिकमा मात्र सीमित राख्न नहुने भन्दै अनुसन्धानलाई सफल, दिगो र व्यावसायिक बनाउन सञ्चार, व्यवस्थापन र बजारसम्बन्धी ज्ञान पनि आवश्यक रहेको उहाँले बताउनुभयो। तीन दिने ESTIC २०२६ आगामी महिनाको २७ देखि २९ तारिखसम्म नयाँ दिल्लीस्थित भारत मण्डपममा आयोजना हुनेछ।

## मन्त्री पीयूष गोयल

केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पीयूष गोयलले ब्रिक्स देशहरूलाई महिला उद्यमी तथा महिलाको नेतृत्वमा सञ्चालित व्यवसायका लागि अन्तर्राष्ट्रिय व्यापारमा थप अवसर सिर्जना गर्न मिलेर काम गर्न आग्रह गर्नुभएको छ। नयाँ दिल्लीमा आयोजित ब्रिक्स WBA महिला नेतृत्व विकास सम्मेलनलाई सम्बोधन गर्दै उहाँले ऋण र बजारमा सहज पहुँच तथा स्थिर व्यापार नियमको आवश्यकता औँल्याउनुभयो। मन्त्री गोयलले वित्तीय पहुँच, शिक्षा र सीप विकासमार्फत महिलालाई सशक्त बनाउने भारत सरकारको प्रयासबारे जानकारी दिनुभयो। उहाँका अनुसार भारतमा करिब ३० करोड महिलाको बैंक खाता रहेको छ र आफ्नै व्यवसाय सुरु गर्न चाहने महिलालाई बिना धितो ऋण उपलब्ध गराइँदै आएको छ। उहाँले 'लखपति दिदी' पहलअन्तर्गत करिब १० करोड ग्रामीण महिला ९० लाखभन्दा बढी स्वसहायता समूहमा आबद्ध रहेको बताउनुभयो।

## मन्त्री भूपेन्द्र यादव

केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले वन मूल्याङ्कनमा नयाँ प्रविधिको प्रयोगसँगै स्वदेशी क्षमता विकास गर्नुपर्नेमा जोड दिनुभएको छ। नयाँ दिल्लीमा आयोजित वन तथा रूख स्रोत मूल्याङ्कनसम्बन्धी राष्ट्रिय कार्यशालाको उद्घाटन गर्दै उहाँले मानव प्रकृतिभन्दा माथि नभएको र प्रकृतिसँग सहअस्तित्वका लागि काम गर्नुपर्ने बताउनुभयो। मन्त्री यादवले प्राकृतिक स्रोतसम्बन्धी तथ्यांक सुधार, निर्णय प्रक्रियालाई प्रभावकारी बनाउन र जलवायु लक्ष्य हासिल गर्न प्रविधिको उपयोग आवश्यक रहेको बताउनुभयो। उहाँले सन् २०३५ सम्म ३.५ देखि ४ अर्ब टन कार्बन अवशोषणको लक्ष्य हासिल गर्न प्रविधिगत नवप्रवर्तन र संस्थागत क्षमता आवश्यक रहेको उल्लेख गर्नुभयो।

## ब्रिक्स

ब्रिक्स शिखर सम्मेलन २०२६ लाई ध्यानमा राख्दै नयाँ दिल्लीस्थित राष्ट्रपति भवन संग्रहालय र अमृत उद्यान यही महिनाको ११ देखि १३ तारिखसम्म सर्वसाधारणका लागि बन्द रहनेछन्। राष्ट्रपति सचिवालयका अनुसार यस शनिबार राष्ट्रपति भवनको फोरकोर्टमा हुने 'चेन्ज अफ गार्ड' समारोह पनि आयोजना हुने छैन।

## ब्रिक्स शिखर सम्मेलन

नयाँ दिल्लीमा यही १२ र १३ सेप्टेम्बरमा भारत मण्डपममा आयोजना हुने ब्रिक्स शिखर सम्मेलनलाई ध्यानमा राख्दै दिल्ली प्रहरीले व्यापक सुरक्षा व्यवस्था गरेको छ। दिल्ली प्रहरीका विशेष आयुक्त मनीष कुमार अग्रवालले विदेशी पाहुना तथा विशिष्ट व्यक्तिको सुरक्षामा कुनै सम्झौता नगरी सर्वसाधारणलाई कमभन्दा कम असुविधा हुने गरी व्यवस्था मिलाइएको बताउनुभएको छ। उहाँका अनुसार गृह मन्त्रालय, इन्टेलिजेन्स ब्युरो र राष्ट्रिय सुरक्षा गार्डलगायत केन्द्रीय निकायसँग समन्वय गरी सुरक्षा तैनाथी गरिएको छ। सम्मेलनको सुरक्षाका लागि दिल्लीमा करिब १५ हजार प्रहरी र अर्धसैनिक बलका २०० कम्पनी तैनाथ गरिएको छ। विशिष्ट पाहुनाले प्रयोग गर्ने मार्गमा विशेष निगरानी क्यामेरासमेत जडान गरिएको छ।

## इन्डिजिनस फिल्म फेस्टिभल

सिक्किममा निर्मित फिचर फिल्म 'नुमाहाङमा' दोस्रो नेपाल इन्डिजिनस फिल्म फेस्टिभल–NIFF २०२६ का लागि छनोट भएको छ। फिल्मको निर्देशन फिल्मकार नियारा सुब्बाले गर्नुभएको हो भने एच.एम. सुब्बा निर्माता हुनुहुन्छ।
फिल्म महोत्सव आगामी २७ सेप्टेम्बरमा बेलायतको लन्डनमा आयोजना गरिनेछ।

## भारतीय मौसम विभाग

भारत मौसम विज्ञान विभागले आज ओडिशामा भारीदेखि अति भारी वर्षाको सम्भावनालाई ध्यानमा राख्दै रेड अलर्ट जारी गरेको छ। आगामी तीनदेखि चार दिनसम्म पूर्वोत्तरका केही राज्यसहित बिहार, झारखण्ड, छत्तीसगढ, केरल र उत्तराखण्डमा भारी वर्षाको सम्भावना रहेको छ। तमिलनाडु, आन्ध्र प्रदेश, तेलङ्गाना, पश्चिम बंगाल र सिक्किममा १५ सेप्टेम्बरसम्म चट्याङसहित मेघगर्जन र तीव्र हावा चल्ने सम्भावना रहेको मौसम विभागले जनाएको छ।

## एसिया कप

हक्कीमा भारतले चीनको मोकीमा आज पाकिस्तानलाई १९–० गोलले पराजित गर्दै २०२६ महिला जुनियर को सेमिफाइनलमा स्थान बनाएको छ। भारतले खेलको सुरुदेखि नै दबाब कायम राख्दै पहिलो क्वार्टरमा पाँच, दोस्रोमा पाँच, तेस्रोमा तीन र अन्तिम क्वार्टरमा छ गोल गरेको थियो। भारतले सेप्टेम्बर १२ मा हुने सेमिफाइनलमा दक्षिण कोरिया वा मलेसियासँग प्रतिस्पर्धा गर्नेछ।

### अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- **राष्ट्रपति द्रौपदी मुर्मुद्वारा आगा खान विकास सञ्जालको कार्यको प्रशंसा।।**
- **उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा प्रिन्स रहिम आगा खानसँग भेटवार्ता ।।**
- **प्रधानमन्त्री मोदीद्वारा सुरक्षित र दिगो अन्तरिक्ष क्षेत्रको पक्षमा जोड ।।**
- **कृषिमन्त्री शिवराज सिंह चौहानद्वारा तीन देशका कृषि मन्त्रीहरूसँग भेटवार्ता।।**
- **विज्ञान, प्रविधि र नवप्रवर्तनको विकासमा 'सम्पूर्ण सरकार' र 'सम्पूर्ण समाज'को दृष्टिकोणमा जोड ।।**